होली: पर्यटकलाई रिसोर्टमै रौनक । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय: थाहा नगरपालिका-४ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-३५ ● २०७९ फागुन २९ गते सोमबार, ● 13 March 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# आहा अचार ! थाहा-३ का महिलाको सीप



◆ विकास संवाददाता

५ दिनसम्म तालिम लिएपछि तालिमकै बीचमा सिकेका सीपको प्रयोग गरेर महिलाहरूले बनाएको अचार अगाडि चाङ लगाएर राखिएको थियो । मेथी, मूला, गाँजर, अमला लगायतको छुट्टाछुट्टै र मिक्स अचार प्लास्टिकको बट्टामा प्रष्टै देखिन्थ्यो । तालिममा के सिकियो भन्नेबारे सोध्नै नपर्नेगरी अगाडि नै परिणाम देख्दा उपप्रमुख भरत गोपाली जति दंग थिए, अचार बनाउने एकजना पुरूषसहित ७ जना महिलाहरू उत्तिकै खुशी थिए ।

थाहा नगरपालिका लघुउद्यम विकास कार्यक्रमले थाहा नगरपालिका-३ का लक्षित समूहलाई उनीहरूकै रोजाइमा अचार बनाउने तालिम दिएको हो । तालिमपछि महिलाहरूले बनाएको अचार चाखेर सेवनकर्ताहरूले निकै स्वादिलो र जिभ्रोमै झुन्डिने किसिमको रहेको प्रतिक्रिया दिएका छन् । तालिम समापनमा प्रमुख अतिथि रहेका नगर उपप्रमुख भरत गोपालीले स्थानीय समूहले उत्पादन गरेको अचार निकै उत्कृष्ट रहेको बताए । तालिम लिएपछि महिलाहरू त्यतिकै रोकिएका छैनन् । अचार बनाउने कार्य जारी छ । उत्पादन अनुसार बजारको अभाव नहुने उनीहरूको विश्वास छ । उच्च प्रेसरका विरामीहरूका लागि मेथीको अचार लाभदायक हुने थाहा पाएपछि प्रेसरका विरामीहरूले अर्डर गर्न थालेको नमुना लघुउद्यमी समूहका राधिका कार्कीले बताइन् ।

अचारबाटै आम्दानी गर्न थालेर व्यवसायी बने नगरपालिकाको लघुउद्यम शाखाबाट थप सहयोग हुने वचन पाएपछि महिलाहरू उत्साहित भएका छन् । 'बजार को लागि हामी सहयोग गर्छौं, तपाइँहरू कस्सिनुस' उपप्रमुख गोपालीले भनिरहँदा महिलाहरूले खुशीमा ताली पिटेका थिए ।

थाहा-३ का वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझीले लघु उद्यमीहरूका लागि वडा कार्यालय सँधै साथमा रहेको बताए । 'वडाका महिलाहरूलाई स्वरोजगार बनाउन सके हाम्रो उपलब्धि त्यही हो, त्यसैले हामी भौतिक पूर्वाधार मात्र विकास हो भन्दैनौं, हाम्रो लक्ष्य आत्मनिर्भरता हो' रायमाझीले थपे । वडा अध्यक्षसँगै वडा सदस्य पवित्रा ठकुरी कार्की र कृष्णकुमार कार्कीले पनि महिलाहरूको सीप र उत्साहको प्रशंसा गरे ।

समूहलाई कपिलवस्तुबाट आएर चन्द्रावति थारूले अचार बनाउने तालिम दिएकी थिइन् । थाहा नगरपालिकाका लघुउद्यम सहजकर्ताद्वय दीक्षा पाण्डे र सुनिता बुढाले तालिमको वातावरण मिलाएका थिए ।यस वर्ष थाहा नगरपालिकाको वडा नम्बर ३ र ४ मा लघुउद्यम विकास कार्यक्रम संचालन भइरहेको नगरपालिकाका लघुउद्यम विकास कार्यक्रम अधिकृत कुमार नेगीले बताए । थाहा-३ मा पाँच समूहमा आवद्ध भएर महिलाहरू उद्यम तथा सीप विकास कार्यक्रममा सहभागी भइरहेका छन् ।

## स्ववियु निर्वाचन:

# पालुङ क्याम्पसमा संयुक्त उमेदवारी

विकास संवाददाता
थाहानगर

त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त पालुङ बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनका लागि क्रियाशील संगठनहरू एक ठाउँ उभिएका छन् । क्याम्पसको समग्र हितका लागि सबै संगठनको भूमिका अपरिहार्य रहेको भन्दै माओवादीसम्बद्ध अखिल क्रान्तिकारी, एमालेसम्वद्ध अखिल, काँग्रेससम्बद्ध नेवि संघ र राप्रपासम्बद्ध राप्रविसं एक ठाउँमा उभिएका हुन् । उनीहरूले संयुक्त बैठकबाट सहमति गरेर एउटै प्यानलबाट उमेदवारी दिएका छन् ।

२७ फागुनमा उम्मेदवारी दर्ता गर्ने अवधिमा प्रत्यक्षतर्फ चार संगठनको संयुक्त प्यानल र समानुपातिकतर्फ चारै संगठनका गरी कूल ११ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत कुमार नेगीले जानकारी दिए । स्ववियु निर्वाचन निर्देशिका अनुसार पालुङ क्याम्पसमा प्रत्यक्षतर्फ ६ जना र समानुपातिकतर्फ ५ जना निर्वाचित हुनुपर्नेमा त्यति नै उम्मेदवारी परेको निर्वाचन अधिकृत नेगीले बताए ।प्रत्यक्षतर्फ अध्यक्षमा पुस्कल श्रेष्ठ, सचिवमा दिलिप रूम्बा, कोषाध्यक्षमा आयाम नापित र सदस्यहरूमा मेनुका देउला, मोणिका खत्री र पुष्पा कार्कीको उम्मेदवारी परेको छ । श्रेष्ठ र देउला क्रान्तिकारीबाट हुन् भने रूम्वा र नापित अखिलबाट हुन् । त्यस्तै खत्री र कार्की क्रमशः नेवि संघ र राप्रविसंबाट हुन् ।

समानुपातिकतर्फ अखिल क्रान्तिकारीबाट सविता केसी, नेविसंघबाट रोशनी गोपाली र नविना अधिकारी, अनेरास्ववियुबाट सुस्मिता श्रेष्ठ र राप्रविसंबाट पुष्पा पाख्रिनले उम्मेदवारी दिएका छन् । शनिवार विहान बसेको माओवादीसम्बद्ध अखिल क्रान्तिकारी, एमालेसम्वद्ध अखिल, काँग्रेससम्बद्ध नेवि संघ र राप्रपासम्बद्ध राप्रविसंका नेताहरूको संयुक्त बैठकले क्रान्तकारीलाई अध्यक्ष र २ सदस्य, अखिललाई सचिव, कोषाध्यक्ष र १ सदस्य, नेवि संघलाई उपाध्यक्ष, उपसचिव र १ सदस्य र राप्रविसंलाई २ सदस्य दिने गरी सहमति गरेको थियो । सहमति अनुसार नेविसंघले समानुपातिकतर्फ पेस गरेको सदस्यका उमेदवारहरू रोशनी गोपाली र नविना अधिकारी क्रमशः उपाध्यक्ष र उपसचिव चयन हुनेछन् । प्रत्यक्षतर्फका ६ जना र समानुपातिकतर्फका ५ सदस्य गरी ११ जनाको बैठकले समानुपातिकबाट आएका दुई जनालाई क्रमशः उपाध्यक्ष र उपसचिव चयन गर्ने निर्देशिकामा उल्लेख छ ।




> क्याम्पसको समग्र हितका लागि सबै संगठनको भूमिका अपरिहार्य रहेको भन्दै माओवादीसम्बद्ध अखिल क्रान्तिकारी, एमालेसम्वद्ध अखिल, काँग्रेससम्बद्ध नेवि संघ र राप्रपासम्बद्ध राप्रविसं एक ठाउँमा उभिएका हुन् । उनीहरुले संयुक्त बैठकबाट सहमति गरेर एउटै प्यानलबाट उमेदवारी दिएका छन् ।

पालुङ बहुमुखी क्याम्पसमा ५ संगठनले १९ फागुनमा संगठन दर्ता गराएका थिए । ५ मध्ये नेकपा एकीकृत समाजवादी पार्टीसम्बद्ध अनेरास्ववियूका प्रतिनिधि सम्पर्कमै नआएकोले ४ संगठनबीच सहमति गरिएको क्रान्तिकारीका १ विद्यार्थी नेताले बताए । क्याम्पसमा एकीकृत समाजवादी पार्टीसम्बद्ध अनेरास्ववियूले कुनै पदमा उमेदवारी दिएको छैन ।

केन्द्रीय कमिटीको पत्र अनुसार संगठन दर्ता भए पनि सो संगठनले क्याम्पसमा सम्पर्क गर्ने विद्यार्थीबारे जानकारी गराउन नसकेको र सार्वजनिक आह्वान गर्दा पनि संगठनहरूको बैठकमा नेकपा एससम्बद्ध विद्यार्थी संगठनको उपस्थिति नरहेको निर्वाचन समितिले जानकारी दिएको छ । पालुङ क्याम्पसमा सबै पदमा आवश्यक संख्यामा मात्र उम्मेदवारी परेकोले यसपटकको स्ववियु निर्वाचन सर्वसम्मत भएको छ । यद्यपि निर्वाचन समितिले यसको औपचारिक घोषणा गरेको छैन । निर्वाचन समितिले प्रकाशन गरेको उमेदवार नामावली हेर्दा पालुङ क्याम्पसमा स्ववियु निर्विरोध भइसकेको छ ।

यसैबीच सो क्याम्पसमा क्रियाशील ४ वटै संगठनले प्रत्यक्षतर्फ संयुक्त प्यानलको उम्मेदवारी रहेको र समानुपातिकतर्फ पनि संयुक्त प्यानलमा रहेका संगठनहरूले कूल ५ सदस्य हुनेगरी नामावली पेस गरेकोले निर्वाचन समितिले उनीहरूलाई सदस्यको रूपमा घोषणाा गरेमा आफूहरूको पूर्ण सहमति रहेको पत्र पठाएको निर्वाचन अधिकृत नेगीले जानकारी दिए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

# सरकारको आँखा कोष खातामा

सरकारले निष्क्रिय रूपमा रहेका विभिन्न सरकारी कोषको रकम संघीय कोषमा तान्न थालेको छ । स्थानीय पालिकाहरुलाई समेत पत्राचार गरेर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कोष खाताको विवरण माग गरेको छ । सरकारले अनुत्पादक खर्च घटाउने भनेर दाबी गरे पनि खर्च घटाउन नसक्ने भएपछि उसले विभिन्न कोषमा रहेको रकम तान्ने गरेको पाइन्छ । अझ कतिपय अवस्थामा त ठूला करदाताबाट अग्रिम करसमेत उठाएर खर्चको जोहो गर्ने गरेको भेटिन्छ । यसले सरकार स्रोत व्यवस्थापनमा निकै कमजोर रहेको र खर्चमा भने उदार रहेको पुष्टि हुन्छ । अहिले राजस्वले सरकारी खर्च धान्न सकिरहेको छैन । त्यसैले विभिन्न शीर्षकमा हुने खर्च कटौती गर्ने निर्णय सरकारले गरेको छ । तर, त्यसको उल्लंघन सरकार आफैले गरिरहेको छ । भन्सारमा आधारित राजस्व भएकाले आयात घट्दा राजस्व संकलनको लक्ष्य पूरा भएको छैन । वैदेशिक सहयोग पनि पर्याप्त मात्रामा आइरहेको छैन । यद्यपि सरकारले धमाधम वैदेशिक ऋण भने लिइरहेको छ र आन्तरिक ऋण पनि उठाइरहेको छ । तर, वैदेशिक ऋणको रकम प्राप्त गर्न निश्चित प्रक्रिया पूरा गर्नुपर्ने भएकाले त्यो तत्काल प्राप्त हुन सक्दैन । यस्तोमा सरकारले दैनिक प्रशासन सञ्चालनका लागि समेत स्रोतको अभाव भोग्नु परिरहेको बुझ्न सकिन्छ ।

सरकारी अधिकारीहरूले नै ऋण लिएर तलब ख्वाउनुपर्ने अवस्था आएको भनी सार्वजनिक अभिव्यक्ति दिएको समेत पाइन्छ । त्यसैले अहिले अर्थका अधिकारीहरू स्रोतको जोहो गर्न निष्क्रिय रहेका कोषहरूबाट रकम तान्ने प्रक्रियामा रहेका छन् ।सरकारका नाममा करीब २ सय कोषहरू रहेको अनुमान छ । यद्यपि यसबारे सरकारसँग स्पष्ट र आधिकारिक तथ्यांक भने छैन । मुलुक संघीयतामा गइसकेपछि संघीयताले मान्यता नदिएको कतिपय कोषमा समेत रकम जम्मा रहेको पाइन्छ । यस्ता कोषबारे अन्य बेला वास्ता नगर्ने तर समस्या परेपछि खोजेर रकम तान्ने प्रवृत्ति सरकारमा रहेको पाइन्छ । कतिपय कोषमा सरकारकै रकम रहेको छ भने कतिपय कोषमा जनताले तिरेको रकम पनि रहेको छ । अहिले महालेखा नियन्त्रक कार्यालयलाई निष्क्रिय कोषको रकम यथाशक्य संकलन गर्न निर्देशन दिइएको छ । सरकारले विभिन्न काम र प्रयोजनका लागि बेलाबेलामा कोष खडा गर्छ । तर, त्यस्ता कोष जुन प्रयोजनका लागि खडा गरिएको हो त्यसअनुसार खर्च गरिएको पाइँदैन ।

खासगरी यस्तो कोषको खर्चको प्रावधान निकै अप्ठ्यारा भएकाले चाहेर पनि खर्च गर्न कठिन हुने गरेको पाइन्छ । अझ एउटा सरकारले कार्यक्रम ल्याउने र अर्को सरकारले त्यसलाई बेवास्ता गर्ने गर्नाले पनि कैयौं कोष निष्क्रिय रहेको पाइन्छ । त्यसैले लहडमा कोष खडा गर्ने परिपाटी अन्त्य हुनुपर्छ । साथै सरकार ले यस्ता कोषहरू के कति छन् र तिनमा कति रकम छ, त्यसको अध्ययन गर्नुपर्ने देखिन्छ । कोष स्थापनाको औचित्य त्यतिबेला पुष्टि हुन्छ, जतिबेला त्यस्ता कोष आवश्यक परेका बेला उपयोगमा आउँछन् । उपयोगमा नआउने कोषको भने कुनै काम छैन । सरकारले तान्न खोजेका कतिपय कोष बचाएर राख्नुपर्ने पनि हुन सक्छ । खासगरी दैवीप्रकोप वा यस्तै अप्ठ्यारोमा पर्दा उपयोगमा आउने कोषलाई भने बचाउनुपर्ने हुन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय सरकारको असफलता



◆ विष्णु प्रसाद खनाल

पछिल्लो समयमा स्थानीय सरकारका योजना तथा कार्यक्रमहरू असफल बन्दै गएका छन् । हरेक योजना तथा कार्यक्रममा असफलता आफैँमा स्थानीय पालिकाका लागि लज्जाको विषय हो जसले देशको आर्थिक वृद्धिमा सोझै धक्का दिने गर्दछ । नेपाल सरकारले बजेटको आकार झण्डै ८६ दशमलव ५५ अर्ब रूपैयाँ अर्थात् ५ दशमलव ३ प्रतिशतले घटाए पनि त्यसले झण्डै ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यमा असर नपार्ने भनेपनि त्यसको असर संघमा मात्रै होइन, प्रदेश र स्थानीय तहमा समेत देखा परेको छ । चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्यांकन गर्ने क्रममा खासगरी वैदेशिक सहायताबाट वाचाअनुरूप पैसा नउठेको एवं सोचे जसरी विकास बजेट खर्च हुन नसकेको भन्दै परिमार्जन गरिएको हो । एकातिर, अर्थतन्त्रका कुनै पनि सूचक राम्रो नभएका बेला अझै सात प्रतिशत वृद्धिदरको लक्ष्य भेट्न सकिने सरकारले कमजोरीलाई लुकाउन खोजेको छ ।

विकास-निर्माण ठप्प हुँदा हामीले बैंकबाट ऋण नपाउने अवस्था आउँछ भने रेमिट्यान्समा अत्यधिक निर्भर हुँदा नेपालको अर्थतन्त्र अस्थिर बन्न सक्छ भन्ने कुरा जेठ महिनामा केपी शर्मा ओली नेतृत्वको एमालेको सरकारका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले बजेट प्रस्तुत गरे पनि असार अन्तिम तिर शेरबहादुर देउवा नेतृत्वमा नयाँ गठबन्धन सरकार बनेपछि उसले प्रतिस्थापन बजेट ल्याएकोबाट स्पष्ट थियो । गठबन्धन सरकारका तर्फबाट जनार्दन शर्माले प्रस्तुत गरेको बजेटमा १४ अर्ब ७४ करोड रूपैयाँ घटाएर त्यसको आकार १६ खर्ब ३२ अर्ब ८३ करोडमा झारिएको थियो । बजेटको परिमार्जित आकार सार्वजनिक गर्ने क्रममा पुँजीगत खर्चको आकार समेत झण्डै १० प्रतिशतले घटाइएको थियो ।

एकातिर प्रत्येक पालिकाहरूमा अनुसन्धानसहितका योजनाहरू छैनन् भने अर्कोतिर यस्ता योजनाहरू तथा कार्यक्रमहरूले प्रभावकारी प्रतिफल दिनसकेका छैनन् । बजेटको आकार नै घटेको अवस्थामा अर्थतन्त्र संकुचित हुनसक्ने चिन्ता अस्वाभाविक होइन । बिस्तारै आर्थिक क्षेत्र चलायमान हुन थाल्यो भने आर्थिक गतिविधिहरू समेत बढ्ने भएकाले एउटा पक्ष यसको पक्षपोषण गरि रहेको छ भने त्यसको लागि सरकार झुट बोलिरहेको छ । अहिलेको अवस्थामा अर्थतन्त्रका कुनै पनि सूचक राम्रो नभएको सन्दर्भमा सात प्रतिशत वृद्धिदर हासिल गर्ने कुनै सम्भावना छैन । त्यसमाथि प्रतिस्थापन बजेट ढिलो हुँदा विकास बजेट राम्ररी खर्च हुन नसकेको भनेर सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ । समस्या स्थानीय तहको मात्रै होइन, प्रदेश तथा केन्द्रमा समेत पर्याप्त शाधन र स्रोत नै नभईकन राष्ट्रिय गौरवका आयोजनामा पैसा तोकेको अवस्था एकातिर छ भने त्यस्ता कम्पनीसँग ठेक्का सम्झौता गरिएको छ जसले कि काम गर्दैनन् कि काम गर्न सक्दैनन् । प्रत्येक वर्ष, स्थानीय तह, प्रदेश र केन्द्रमा हचुवाको भरमा बजेट निर्माण गर्ने प्रवृत्तिले देशले निकास पाउन सक्दैन् । एकातिर नेपाली अर्थतन्त्र बाह्य क्षेत्रका कारण सफ्ट उन्मुख अवस्थामा छ भने वैदेशिक मुद्रा सञ्चिति प्रत्येक महिना ३० देखि ३५ करोड डलरका हिसाबले कमजोर भइरहेको छ ।

सार्वजनिक निकाय तथा सरकारी बजेटबाट हुने खर्चमा मितव्ययिता कायम गर्न अर्थ मन्त्रालयले खर्च कटौतीका लागि विभिन्न १४ बुँदे निर्णय गरेको सरकारको निर्णयअनुसार सार्वजनिक खर्चमा मितव्ययिता कामय गर्न र सर कारको वित्त सन्तुलन कायम राख्न अर्थ मन्त्रालयले खर्च कटौतीलाई प्राथमिकताका साथ हेरिएको थियो । कोभिडको असर, अन्तर्राष्ट्रिय कारण तथा विश्वव्यापी मन्दीले अर्थतन्त्र प्रतिकूल अवस्थामा पुगेको र वैशाखदेखि पुससम्म गरेको आयात प्रतिबन्धले अर्थतन्त्रमा संकुचन आएको, राजस्व असुलीको लक्ष्य नभेटिएको, बजेटरी सहायता कम भएको छ । कर्मचारीको तलब, निवृत्तभरण, सामाजिक सुरक्षा, रासायनिक मलको आपूर्ति र विपत् व्यवस्थापनमा बढेको खर्चले अर्थतन्त्रमा थप दबाव दिइरहेको छ । आन्तरिक ऋणमा बढेको ब्याज र डलरसँग नेपाली मुद्रा कमजोर भएका कारण पनि अर्थतन्त्रलाई असहज बनाएको र सरकारको संघीय कोष ९० अर्ब ऋणात्मक भएको, राजस्वले कर्मचारी पाल्न पनि नपुग्ने अवस्था आएकोले खर्च कटौतीको निर्णय गरेको हो ।

सरकारी संस्था खारेजदेखि मर्जसम्मले व्यापक खर्च कटौती हुने सार्वजनिक खर्च पुनरावलोकन गर्नुपर्ने, विभिन्न मन्त्रालयअन्तर्गतका बोर्ड, विकास समिति, विभिन्न रणनीतिक कार्यक्रम तथा योजना खारेज गर्नुपर्ने, कृषि मन्त्रालयअन्तर्गतको बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम, खाद्य पोषण तथा प्रविधि कार्यक्रम, राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गर्नुपर्ने, ऊर्जा मन्त्रालयअन्तर्गतको जलविद्युत् आयोजनासम्बन्धी मापदण्ड बनाउने काम, सिँचाइ संस्थागत विकास कार्यक्रम, भूमिगत जलस्रोत विकास समिति खारेज गर्नुपर्ने, संघीय मामिला तथा सामान्य मन्त्रालयअन्तर्गतको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसहितका निकाय खारेज गर्नुपर्ने, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, औद्योगिक व्यवसाय प्रवर्द्धन विकास प्रतिष्ठान, प्रविधि विकास कोष, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय युवा परिषद्, वन मन्त्रालयका विभिन्न कोषहरू खारेज गर्नुपर्ने अवस्था आउन सक्छ ।

पर्यटन मन्त्रालयअन्तर्गतको तारागाउँ विकास समितिसहितका विभिन्न विकास समिति, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति, रेल्वे कम्पनी, सडक बोर्ड नेपाल, केन्द्रीय हज कमिटीसहितका सरकारी निकाय खारेज गर्दै आयोगले रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थानसहितका निकाय गाभ्ने र सरकारी खर्च कटौती गर्ने सकिने अवस्था आउन सक्छ । विभिन्न कोष खारेज गर्दा नै सरकारको वार्षिक करिब एक खर्ब रूपैयाँ जोगिन सक्छ । सरकारी निकायमा अत्यावश्यक बाहेक नयाँ दरबन्दी नखोल्ने, भएका कर्मचारीलाई समायोजन गर्ने, कम्तीमा तीन वर्ष सरकारी कार्यालयले नयाँ गाडी नकिन्ने, अत्यावश्यकबाहेकको वैदेशिक भ्रमण निरूत्साहन गर्ने, सूचना प्रविधिको प्रयोगबाट खर्च घटाउने गरी काम गर्न सकेको खण्डमा मात्र देशले अर्थतन्त्रमा सुधार आउन सक्छ । सरकारका अनावश्यक संरचना खारेज गर्नु आजको आवश्यकता पनि हो । हरेक मन्त्रालयअन्तर्गका निकाय मर्ज गर्ने, प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्नेदेखि खारेजसम्म गरेर सरकारी खर्च जोगाउन सकिन्छ । मध्यकालीन खर्चसँग जोडिएका, प्रणालीगत, नीतिगत तथा संरचनागत सुधारको काम पनि गर्दै जानुपर्छ । सरकारले सार्वजनिक निकाय र खर्च कटौती कार्यान्वयन गराउने, यसका संरचना चुस्तदुरूस्त तथा उत्पादकत्व बढाउने गरी जानुपर्छ । सरकारले जुन ढंगले खर्च कटौतीको प्रयास गरेको छ, यसलाई सकारात्मक नै मान्न सकिए पनि यो मात्र पर्याप्त भने होइन । सरकारले यसअघि खर्च कटौती पुनरावलोकन आयोगको प्रतिवेदन कार्यान्वयन दिनुपर्छ । स्थानीय तहको सरकार मात्रै नभई प्रदेश र केन्द्र सरकारले दीर्घकालीन महत्व राख्ने गरी नै कार्ययोजना बनाउनुपर्ने तर्क सतहमा आउन थालेको छ ।

सरकारले अहिले खर्च घटाउनेभन्दा पनि जसरी पनि बढाउने काम गरेको छ । आयात खुला गरेर आन्तरिक उत्पादन बढाउनै नसक्ने गरी काम गरिरहेको छ । यसअघि सरकारले अल्पकालीनरूपमा आयात त निरूत्साहन गऱ्यो तर त्यो अवधिमा कुनै योजनाविना नै आयात रोकियो । जसलाई अहिले खुला गर्दा अवस्था फेरि उस्तै हुने निश्चित छ । त्यसैले जबसम्म सरकारले संघीय मन्त्रालयको संख्या घटाउने, प्रदेश र स्थानीय तहमा कर्मचारी पठाउने र कर्मचारी खर्च घटाउँदै नजाने हो भने अपेक्षाअनुसार काम हुन नसक्ने निश्चित छ । विभिन्न प्रकारका बोर्डलगायत सबै सार्वजनिक निकायमा तालिम, सेमिनार, कार्यशाला, विदेश भ्रमण नगर्ने निर्णय गरेको छ । सरकारले चालू आवको बजेटमै खर्च पुनरावलोकन आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।

२००७ सालको राजनीतिक परिवर्तनपश्चात् २००८ साल माघ १९ गते अर्थमन्त्री सुवर्णशमशेर राणाले रेडियो नेपालबाट बजेट वक्तव्य दिएर नेपालको पहिलो औपचारिक बजेट जनसमक्ष सार्वजनिक गरेका थिए । त्यति बेला त्यसवर्ष मुलुकको लागि कुल अनुमानित बजेट पाँच करोड २४ लाख २९ हजार रूपैयाँ निर्धारण गरिएको थियो । त्यसको झन्डै नौ वर्षपछि बीपी कोइरालाको नेतृत्वमा रहेको प्रथम जननिर्वाचित सरकारका अर्थ तथा उपप्रधानमन्त्री रहेका सुवर्णशमशेर राणाले नै पुनः २०१६ साउन २५ गते दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०१६/०१७ को वार्षिक अनुमानित बजेट प्रस्तुत गरेका थिए । जसलाई नेपालको पहिलो आधुनिक बजेट प्रणाली मानिएको छ । कागजमा बजेट जति राम्रो देखिन्छ तर कार्यान्वयनमा यसले वैज्ञानिक र व्यावहारिक रूप ग्रहण गर्ने सवालमा भने देशमा सधैँ कठिनाइ उत्पन्न हुनेगरेको छ । वस्तु आयात-निर्यातबीचको सन्तुलन कायम हुन नसक्दा देशको व्यापारघाटा झन्डै वार्षिक बजेटको हाराहारीमा पुगेको

*बाँकी पृष्ठ ३ मा*

# टाउको दुखाइ माइग्रेन नै होला र ?

टाउको दुखेपछि धेरैले अनुमान लगाउँछन्, 'मलाई त माइग्रेन भएजस्तो छ ।' टाउको दुख्नु आम समस्या हो । कहिले तनावले टाउको दुख्छ, कहिले अनिद्राले । भोक, होहल्ला, चर्को घाम, मदिरापानजस्ता कुराले पनि टाउको दुख्न सक्छ । कतिपय अवस्थामा यसैपनि टाउको भारी हुन्छ । केही समय दुख्छ, फेरि आफैं ठीक हुन्छ । के टाउको दुख्नु भनेको माइग्रेन नै हो त ? माइग्रेन हुँदा र नहुँदा टाउको दुख्ने अवस्थामा कति फरक हुन्छ ? यससँगै अर्को प्रश्न पनि जोडिन्छ । माइग्रेन चाहिं के हो ? यसले के समस्या ल्याउँछ ? यसको उपचार कसरी हुन्छ ?



टाउको विभिन्न कारणले दुख्छ । टाउको दुख्ने समस्या भएकामध्ये पाँच प्रतिशतलाई मात्र माइग्रेन हुन सक्छ । खासमा टाउको दुख्नुको ९० प्रतिशत कारण 'टेन्सन टाइप हेड्याक' हो । टेन्सन भनेपछि हामीले चिन्ता भनेर बुझ्छौं । तर यसले चिन्ता मात्र भन्ने बुझाउँदैन । यस्तो किसिमको दुखाइ विभिन्न कारणले हुन सक्छ । अर्थात् बेलाबखत टाउको दुख्नु माइग्रेन होइन ।

यदि टाउकोको पूरै भाग दुखेको छ भने त्यो सामान्य दुखाइ हो । यस्तो दुखाइ दुई, चार घण्टा वा बढीमा एक दिनसम्म दुख्न सक्छ । तर यदि टाउकोको आधा मात्र भाग दुख्छ । त्यो पनि नियमित रूपमा । दुई, चार दिनसम्म दुखिरहन्छ भने त्यो माइग्रेन हुन सक्छ ।

### खासमा माइग्रेन के हो ?

माइग्रेन एक प्रकारको टाउको दुख्ने रोग हो, खासगरी यसलाई वंशाणुगत समस्याको रूपमा पनि लिन सकिन्छ । जस्तै आमालाई यस्तो समस्या छ भने छोरीलाई पनि हुन्छ । जसलाई परापूर्वकालमा आधा कपाल दुखाइ पनि भन्ने गरिन्थ्यो । हालसम्म माइग्रेन किन हुन्छ भन्ने निश्चित कारण पत्ता लगाइएको छैन ।

टाउकोको छालामा विभिन्न कारणले गर्दा एक किसिमको रसायन उत्पादन हुन्छ । जस्तै, कसैलाई खानेकुराबाट दूध, दही, मही, चीज, चक्लेट वाइन, गुन्द्रुक, सिसीमा राखेको बनाएको अचार यस्तो खानाहरू खाँदा टाउको छालामा रसायन बढ्छ । अर्को गन्धबाट पनि यस्तो रसायन उत्पादन हुन्छ ।

### माइग्रेन हुँदा कसरी टाउको दुख्छ ?

माइग्रेन हुँदा टाउकोको आधा भाग मात्र दुख्छ । कहिले दायाँतिर त कहिले बायाँतिर दुख्छ । साथै टाउकोको नसाहरू सबै जगरिएजस्तो कडा हुने, नसा चरचर चलेको जस्तो हुने गर्छ ।

माइग्रेनको टाउको दुखाइ तीनदेखि चार दिनसम्म निरन्तर एकदम दुख्ने हुन्छ । त्यसबेला देखिने लक्षण आँखा खोल्न गाह्रो हुने, उज्यालो प्रकाश सहन नसक्ने, बोल्न मन नलाग्ने, ध्वनि सुन्दा रिसाउने, अँध्यारो कोठामा सुत्न मन पराउने, खानामा अरूचि हुने, बान्ता हुने जस्ता समस्या हुन्छ ।

माइग्रेनले त्यस्तो जटिल समस्या निम्त्याउँदैन । यसको कारण मृत्यु हुँदैन । यदि माइग्रेनको समयमा उपचार भएन वा के कारणले भएको थाहा पाउन सकिएन वा बिरामीलाई धेरै बान्ता हुने भएको खण्डमा शरीर कमजोर हुने र डिहाइड्रेसन हुन्छ, जुन शरीरमा पानीको कमिले हुने गर्छ ।

### यसको उपचार कसरी हुन्छ ?

पहिलो चरणमा माइग्रेन के कारणले भएको पत्ता लगाउन जरूरी छ । यसको लागि टाउको दुखाइको क्यालेन्डर बनाउन सकिन्छ । अर्थात् आफूलाई टाउको दुखेको लक्षण, समय आदिलाई याद गरेर त्यसको नोट बनाउने हो ।

जसले गर्दा कुन बेला टाउको दुख्छ ? टाउको दुख्ने बेला के–के हुन्छ ? टाउको दुखाइको किसिम थाहा पाउने (धेरै, थोरै ठिक्क) कसरी दुख्छ टाउको ? बान्ता आउँछ कि आउँदैन ? वाकवाकी मात्र लागेको हो थियो कि ? त्यो दिन के के खाएको थियो ? यी कुराको विवरण स्पष्ट आउँछ ।
यी कुरालाई मध्यनजर गरेर बिरामीलाई खास के कारणले माइग्रेन भएको हो ? पत्ता लगाइन्छ । बिरामीलाई के हुँदा, कस्तो अवस्थामा, के खाँदा टाउको दुख्छ त्यो कुरा पत्ता लगाएर उपयुक्त सुझाव दिन सकिन्छ । यदि कारण पत्ता लागेन भने औषधि पनि दिन सकिन्छ ।

यस्तो औषधि सामान्यतया महिनाको चारदेखि पाँच चक्की खुवाउने गरेका छौं, त्यो पनि टाउको दुखेमा मात्र । माइग्रेनको यो बाहेक अरू कुनै उपचार छैन । यो सिटी स्क्यान, एमआरआईबाट पत्ता लगाउन सकिंदैन । अहिलेसम्म संसारमा कुनै माइग्रेन पत्ता लगाउने कुनै मेसिन बनेको छैन ।

### माइग्रेन कसलाई हुन्छ ?

माइग्रेन खासगरी १८ देखि ३५ वर्षसम्मको युवा उमेर समूहलाई बढी देखिन्छ । ५ देखि १३ वर्षसम्मका बालबालिकालाई पनि माइग्रेनको समस्या देखिएको छ । माइग्रेन पुरूषको तुलनामा महिलालाई बढी हुन्छ । बच्चाहरूमा स्कुल जान मन नपराउने, पढाइमा ध्यान नहुने जस्ता सामान्य खालका लक्षण देखा पर्छन् ।

## स्थानीय सरकारको......

छ । संघीय, प्रदेश र स्थानीय तहका सरकारहरूमा साधारणतर्फको बजेट धान्नै नसक्ने गरी बढेको छ । एकातिर विदेशी ऋणभार १६ खर्ब रूपैयाँभन्दा बढी पुगेको छ भने अर्कोतर्फ संघदेखि स्थानीय तहसम्म भ्रष्टाचारले मुलुकमा नयाँ कीर्तिमान नै कायम गरेको छ ।

नेपालमा आयोजना कार्यान्वयनका समस्या र चुनौतीको बारेमा कहिल्यै पनि सकारात्मक बहस भएन । राष्ट्रिय गौरवका आयोजनाहरू तोकिएको समयावधिमा निर्माणकार्य सम्पन्न नहुँदा आयोजनाको लागत दशौं गुना बढेको छ, जस्तै ३१ वर्षअघि सुरू भएको बबई सिँचाइ आयोजनामा सात गुनाभन्दा बढी रकम खर्च गरिसक्दा पनि निर्माणकार्य सम्पन्न भएको छैन । यो त एउटा उदाहरण मात्र हो, यस्ता प्रकृतिका दर्जनौं आयोजनाहरू रूग्ण अवस्थामा रहेका छन् । हरेक आर्थिक वर्ष बजेटको कार्यान्वयनमा एउटा जटिल समस्या देखा परिरहेकै छ । त्यो के भने, आर्थिक वर्षको सुरूका महिनाहरूमा विकास बजेट खर्च नगर्ने तर असारमा आएर बजेट खर्च गर्ने नाउँमा रकमान्तर गरेरै भए पनि बजेट खर्च गर्ने प्रवृत्तिको संस्कृति नराम्रोसँग मौलाएको छ ।

कुनै पनि देशमा साधारण बजेटभन्दा विकास बजेट बढी हुन्छ तर नेपालमा विगतमा साधारण बजेटभन्दा विकास बजेट धेरै थियो तर आज ठीक उल्टो भएको छ । आर्थिक अनुशासनभन्दा बाहिर गएर साधारण बजेट खर्च गर्नुले मुलुकमा भयावहरूपमा बेरूजु बढ्नु यसको एउटा प्रमुख दृष्टान्त हो । बेरूजु असुल गर्ने सरकारसँग कुनै इच्छाशक्ति नै छैन, अझ भनौं कुनै प्रभावकारी निकाय नै छैन । कुनै पनि क्षेत्रमा बजेट खर्च भयो वा भएन भनेर हेर्ने मात्रै मापन होइन तर बजेट खर्च भएअनुरूप दिगोरूपमा उपलब्धि हासिल भयो या भएन भन्ने मापदण्ड कायम हुन नसक्दा पनि विकासलाई खर्चको आधार मान्ने परम्परा अब बदल्नुपर्ने अवस्था यस क्षेत्रमा आएको छ ।

कुनै पनि देशमा विकास बजेटभन्दा साधारण बजेट बढी हुनु अर्थतन्त्रमा राम्रो सूचक मानिँदैन । नेपालमा केही आव यता विकास बजेटभन्दा साधारण बजेटको मात्रा अत्यधिकरूपमा वृद्धि भएको छ । विगत पञ्चायतकालमा पनि साधारण बजेटभन्दा विकास बजेट दोब्बर जस्तै हुन्थ्यो तर आज साधारण बजेटभन्दा विकास बजेटको मात्रा धेरै कमी छ । हतारमा गरिने विकास निर्माणकार्यमा पनि गुणात्मकता कायम हुन सक्दैन । यसरी बजेट खर्च हुन नसक्नुका बीच हरेक आव समाप्त भइरहेको हुन्छ । गरिने खर्च उपलब्धिको लागि नभएर बजेट सक्न र खर्च गर्नका लागि मात्र गरिएको अर्थ लाग्छ । आज देशमा उत्पन्न अर्थतन्त्रका अनेक चुनौतीहरूमध्ये विकास आयोजना सञ्चालन एवं कार्यान्वयनमा गरिने विकास बजेट खर्च गर्न नसक्नु पनि एक गम्भीर चुनौती बनेको छ । कुनै पनि इमानदार मानिस वा नेतृत्वको सोच लगभग सधैं न्यायपूर्ण हुन्छ भनेजस्तै विकास बजेट खर्च हुन नसक्नुका पछाडि त्यसको नैतिक जिम्मेवार कसले लिने ? प्रश्न आफैंमा जटिल छ । यस्तो अवस्थामा स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारले उपयुक्त र प्रभावकारी योजनाका साथ अगाडि बढ्नु आवश्यक छ ।






# जनयुद्ध र जनआन्दोलनको उपलब्धी कार्यान्वयन भए महिला अधिकार सुनिश्चित-मन्त्री मोक्तान

## अन्तराष्ट्रिय नारी दिवस



◆ विकास संवाददाता

बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मन्त्री मोक्तानले जनयुद्ध र जनआन्दोलनको जगमा प्राप्त भएको उपलब्धीलाई जोगाई संस्थागत गर्न आवश्यक भएको बताएकीछिन् । मन्त्री मोक्तानले सबैखाले लैङ्गिक विभेद र असमानता तोड्दै श्रमिक महिलाका हक अधिकारको प्रत्याभूति गराउन श्रमिक महिला दिवसले सबैलाई प्रेरणा प्रदान गर्ने बताइन् । २४ फागुनमा अन्तराष्ट्रिय नारी दिवस मूलसमारोहमा सम्बोधन गर्दै मोक्तानले यस्तो बताएकी हुन् ।

देशमा गणतन्त्र स्थापना र नयाँ संविधान जारी पश्चात् महिलाहरूले अधिकारै पाएको छैन भन्न नसुहाउने बताइन् । उनले थपिन्-'यसअघि ५ प्रतिशत अधिकारमा थन्किएको महिलाहरू अहिले सम्पतिमा समान अधिकार प्राप्त हुने स्थितीसम्म आइपुगिसकेको तर व्यवहारमा भने लागू हुन सकेको छैन, जनयुद्ध तथा जनआन्दोलनको जगमा प्राप्त भएको यो उपलब्धि रक्षा र कार्यान्वयनको निम्ति हामी सँधै एकजुट छौं ।' अहिले कानुनतः राज्य व्यवस्था संचालनमा महिलाहरूको समान अधिकार हुनुपर्ने मोक्तानको भनाइ थियो । मन्त्री मोक्तानले महिला संघर्षले प्राप्त ३३ प्रतिशत महिला समानुपातिक व्यवस्था अनिवार्य नभएको भए अझै पनि महिलाहरूलाई प्रतिस्पर्धामै आउन नदिने खेल भैरहने बताइन् । उनले महिलाहरूको लागि छुट्टाएको आरक्षणलाई दलहरूले गलत प्रयोग गरिरहेको बताउदै संघर्षको बलले प्राप्त उपलब्धि महिला आफैले जोगाउनुपर्ने बताइन् ।

थाहा नगरपालिकाको सहयोग तथा लालीगुरास महिला बहुउद्देश्यीय सहकारी संस्था र चेतनशील महिला बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मुल समारोह कार्यक्रममा वक्ताहरूले महिला भएकै कारण हुने लैङ्गिक विभेद, शोषण र असमानताको सामना गर्नु परिरहेको बताएका थिए । उनीहरूले महिला र पुरूष भनी विभेद विना अधिकार र कायुन्वयन र कर्तव्य पालना गर्नुपर्ने बताएका थिए । नेपालमा यो दिवस *'लैङ्गिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार'* भन्ने नारासहित मनाइएको छ । कार्यक्रमको अवसर पारेर थाहानगर भित्रका फरक क्षमता भएका वडैपिच्छे एक/एक जना महिलाहरूलाई सम्मान गरिएको थियो । उनीहरूलाई प्रमुख अतिथी मोक्तानले कदरपत्र र दोसल्ला तथा मायाँको चीनो (तातोपानी तताउने विद्युतीय कित्ली) वितरण गरिन् । यसरी सम्मानित हुने फरक क्षमता भएका महिलाहरूमा थाहा नगरपालिका वडा नम्बर १ की चरीमाया गोपाली, २ नम्बरकी सावित्री देउला, ३ नम्बर वडाकी नानिमाया गोपाली, ४ नम्बर की तुलिमाया रूम्बा, ५ नम्बर वडाकी दुर्गा कार्की, ६ नम्बरकी बिष्णु माया श्रेष्ठ, ७ नम्बरकी टिकाकुमारी थिङ, ८ नम्बरकी सुमित्रा घलान, ९ नम्बर वडाकी भावना गमाल, १० नम्बर वडाकी जुना केसी, ११ नम्बर वडाकी सानुमाया थोकर र १२नम्बर वडाकी कल्पना गोले छिन् । थाहा नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तानको अध्यक्षतामा पालुङ जेसिज सभाहलमा भएको कार्यक्रममा थाहानगर अपाङ्ग सरोकार समितिका अध्यक्ष मनलाल गोपाली, फरकसोचका संयोजक यादव रायमाझी, थाहानगर कृषि शाखाका बालकुमारी भट्टराई, नेपाल महिला संघ नगर सभापति ईश्वरी सिं ठकुरी, महिला सहकारीकर्मी सुमित्रा विडारी, पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्की, गिता कार्की, थाहानगर उद्योग वाणिज्य संघ महिला उद्यमी सभापति आरती श्रेष्ठलगायतकाले बोलेका थिए ।

कार्यक्रमको उद्देश्यका बारेमा आयोजक लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष रिता प्रधानले बताएकी थिइन् भने आयोजक चेतनशील महिला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष तथा मूल समारोह संयोजक शकुन्तला गोपालीले संचालन गरेकी थिइन् । थाहा नगरभित्र रहेका संघसंस्थामा आवद्ध महिला, वित्तिय तथा बैंकमा कार्यरत महिला कर्मचारीहरू, महिला जनप्रतिनिधिहरू, थाहा नगरपालिकामा कार्यरत महिला शाखा प्रमुखहरू, नगर भित्र रहेका सहकारीमा आवद्ध महिलाहरूको उपस्थित रहेको थियो ।

# थाहाका गोपाली राहत शिक्षक समिति मकवानपरको उपाध्यक्षमा निर्वाचित

◆ विकास संवाददाता

नेपाल राहत शिक्षक समिति मकवानपरको छैठौं अधिवेशनबाट थाहानगरका राहत शिक्षक निराजन गोपाली उपाध्यक्षमा निर्वाचित भएका छन् । जिल्ला समितिको तीन उपाध्यक्ष मध्ये गोपाली पनि एक हुन् । समितिको अध्यक्षमा जीवन तिमल्सिना चयन भएका छन् । २७ फागुनमा हेटौंडामा भएको छैठौं अधिवेशनबाट २७ सदस्यीय जिल्ला कार्यसमिति चयन भएको छ ।

समितिको उपाध्यक्षमा निराजन गोपाली, निर्मला सिन्तान र रामशरण दाहाल रहेका छन् भने सचिवमा शम्भु पराजुली चयन भएका छन् । समितिको सहसचिवमा बद्री बानियाँ, कोषाध्यक्षमा हेम विक र सहकोषाध्यक्षमा क्षमकला बस्नेत रहेका छन् । त्यस्तै सदस्यहरूमा लालु रूम्बा, शर्मिला पौडेल, सुदर्शन पौडेल, राम थापा, मन्दिरा घिमिरे, बसुन्धरा गौतमलगायत रहेका छन् । लक्ष्मीकुमारी श्रेष्ठलाई केन्द्रीय प्रतिनिधिको रूपमा चयन गरिएको छ ।

राहत शिक्षक समिति मकवानपुरका अध्यक्ष हरिप्रसाद पौड्यालको अध्यक्षतामा भएको अधिवेशन उद्घाटन कार्यक्रममा नेपाल राहत शिक्षक समितिका केन्द्रीय अध्यक्ष खेमराज अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो ।



कार्यक्रममा समितिका उपमहासचिव डम्बर राई, बागमती प्रदेश समितिका अध्यक्ष बासु अधिकारी, शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका अधिकृत उन्नति ढकाल, भीमफेदी गाउँपालिका शिक्षा शाखाका अधिकृत प्रदिप अधिकारी, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल, नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेश हुमागाईंलगायत विभिन्न पेशागत संघ संगठनका प्रतिनिधिहरूले मन्तव्य व्यक्त गरेका थिए ।

# थाहानगरका ढकाल राष्ट्रिय निर्माण व्यावसायी संगठनको प्रदेश उपाध्यक्ष



◆ विकास संवाददाता

मकवानपुर थाहानगरका राजन ढकाल राष्ट्रिय निर्माण व्यावसायी संगठन बागमती प्रदेशको उपाध्यक्षमा निर्वाचित भएका छन् । काठमाण्डौंको बानेश्वरमा भएको प्रदेश भेलाबाट उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका हुन् ।

ढकाल न्यू ज्योति कन्ट्रक्शनका सञ्चालक हुन् । २७ फागुनमा भएको नेपाल राष्ट्रिय निर्माण व्यावसायी संगठनको १३ औं वार्षिक साधारणसबाट अध्यक्षमा रसुवाका जयराम घर्ती, चितवनका वसन्त खरेल वरिष्ट उपाध्यक्ष, दोलखाका भुवन घिमिरे महासचिव, तथा रामेछापका नारायण तिमिल्सिना कोषाध्यक्षमा निर्वाचित भएका छन् । संगठनको प्रदेश सदस्यहरू पनि निर्विरोध निर्वाचित भएका छन् ।

# विष्टलाई उत्कृष्ट खेल अवार्ड

◆ विकास संवाददाता

नेपाली पुरूष राष्ट्रिय फुटबल टोलीका सदस्य अञ्जन विष्टले स्पोर्ट्स अवार्ड २०७८ अन्तर्गत वर्षको उत्कृष्ट पुरूष खेलाडीको अवार्ड जितेका छन् ।

२३ फागुनमा नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले काठमाण्डौको प्रज्ञा प्रतिष्ठानमा एक कार्यक्रमको आयोजना गरेर विष्टलाई वर्षको उत्कृष्ट पुरूष खेलाडीको अवार्ड दिएको हो । राष्ट्रिय टोलीबाट सर्वाधिक गोलकर्ताको तेस्रो स्थानमा रहेका हेटौंडाका विष्टले अवार्ड जित्ने क्रममा फुटबलकै किरण चेम्जोङ, क्रिकेटका दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेल तथा ब्याडमिन्टनका प्रिन्स दाहाललाई पछि पारे ।

अन्जनले विश्व कप २०२२ छनोटमा चाइनिज ताइपेईसँगको खेलमा गोल गरेका थिए । यस्तै उनले १३ औं साफ च्याम्पियन्शिपमा श्रीलंका र बंगलादेशसँगको खेलमा गोल गरेका थिए ।

# हेटौंडाको ७ नम्बर वडा कार्यालय नयाँ भवनमा

◆ विकास संवाददाता

हेटौंडा वडा नम्बर ७ को कार्यालयले आफ्नो सेवा नयाँ कार्यालयबाट प्रदान गरेको छ । नव निर्मित वडा कार्यालयको भवनको हेटौंडा उपमहानगरपालिकाको मेयर मिना कुमारी लामाले उद्‌घाटन गरेकी हुन् । ५१ लाख ६७ हजार लागत भएको उक्त भवन श्री सर्वेश्वर निर्माण प्रा. लि.ले निर्माण गरेको हो ।

२०७२ सालको भुकम्प परेर तत्कालीन वडा कार्यालय भत्किएपछि हेटौंडा उपमहानगरपालिकाको लगानीमा करिब १६ महिना लगाएर निर्माण भएको ५ कोठे पक्की नयाँ भवन निर्माण सुरू गरिएको थियोभवनको उद्‌घाटन गर्दै नगर प्रमुख लामाले जनतालाई सेवा दिनका लागि बनेको नयाँ भवनबाट चुस्त दुरूस्त काम गर्न सुझाब दिइन् । जनताले दिएको मतबाटै वडा र नगरको नेतृत्वमा पुगेको बताइन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहाको ३ नम्बर वडामा सिलाइ तालिम शुरू, व्यवसायी बन्ने प्रतिवद्धता




◆ विकास संवाददाता

विपन्न वर्गका महिलाहरूले सिलाइ कटाइसम्बन्धी सीप सिकेर उद्यमी बन्ने अठोट गरेपछि थाहा-३ मा सोही तालिम शुरू गरिएको छ ।सात दिन लामो उद्यम विकास तालिमको अन्त्यमा १८ जना महिलाहरूले सिलाइसम्बन्धि सीप सिकेर व्यवसायी बन्ने प्रतिवद्धता जनाएपछि थाहा नगरपालिकाले सोही अनुसार तालिमको व्यवस्था गरेको हो ।

२५ फागुनमा थाहा नगरपालिका वडा नम्बर-३, डाँडागाउँमा ३ महिने सिलाइ-कटाइ तालिम शुरू गरिएको छ । तालिमको उद्घाटन कार्यक्रममा बोल्दै सहभागी रञ्जु विष्टले सिलाइबाटै व्यवसायिक बनेर आयस्तर बढाउने अठोटका साथ तालिम लिन लागेको बताइन् ।

यसअघि धेरै महिलाहरूले सिलाइ-कटाइको तालिम लिए पनि व्यवसायी बन्ने महिलाहरू औलामा गन्न सकिने अवस्था रहेकोमा थाहा नगरपालिका चिन्तित भइरहेको बेला विपन्न वर्गका महिलाहरू आफै प्रतिवद्धतासहित सिलाइ सीप सिक्न आउनु महत्वपूर्ण रहेको थाहा नगरपालिकाका अधिकृत कुमार नेगीले बताए । व्यवसाय र व्यवसायिक योजनाबारे प्रारम्भिक तालिम दिने, त्यसपछि उनीहरूले रोजेको सीप तालिम दिने, त्यसपछि व्यवसायी बनाउने र त्यसपछि व्यवसाय स्तरीकरण र प्रविधिमा सहयोग गर्ने परिणाममुखी मोडलसहितको कार्यक्रम रहेकोले यसबाट प्रतिवद्ध महिलाहरूको आर्थिक रूपान्तरणमा सहयोग पुग्ने नेगीले विश्वास व्यक्त गरे ।

थाहा नगरपालिकाको लघु उद्यम विकास कार्यक्रमले तालिम आयोजना गरेको हो । तालिम उद्घाटन कार्यक्रममा थाहा नगरपालिकाका लघुउद्यम सहजकर्ता सुनिता बुढाले भनिन्-'हाम्रो कार्यक्रमको यो दोस्रो चरण हो, तेस्रो चरणमा महिलाहरू व्यवसाय थालेपछि हामी थप सहयोग गर्छौं । हामी अब ३ वर्षसम्म उहाँहरूलाई सहयोग गर्छौं र स्वरोजगार बनाउछौं ।' सो अवसरमा थाहा-३ का वडा सदस्य कविता विष्टले तालिममा सहभागी महिलाहरूलाई ३ महिना निरन्तर सिलाइ कक्षा लिन सबैलाई आग्रह गरिन् ।

# आग्राको स्वास्थ्य शिविरमा २ सय ८६ महिलालाई निःशुल्क उपचार



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ७ डाँडाबासको सुन्दरीदेवी माविमा भएको निःशुल्क स्वास्थ्य शिविरमा २ सय ८६ महिलाले स्वास्थ्य परीक्षण गराएका छन् । ११३ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा थाहा नगरपालिकाको सहयोगमा गैर सरकारी संस्था वीङ युथले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा महिलाहरूले स्वास्थ्य परीक्षण गराएका हुन् ।

शिविरमा थाहा नगरपालिका वडा नंम्बर ७, ८ र कैलाश गाउँपालिकाका महिलाहरूलाई लक्षित गरी शिविर आयोजना गरिएको हो । शिविरमा २४ फागुनमा ७८ जना महिलाहरूको भिडियो एक्सरे, २५ जनाको पाठेघरको मुखको क्यान्सर जाँच (एल.बी.सी.) र २ जना पाठेघर खसेको महिलामा रिङ पेसरी राखी उपचार गरिएको संस्थाका वीङ युथका कोषाध्यक्ष डाक्टर गगन कार्कीले जानकारी दिए । दुईदिनसम्म सञ्चालन भएको शिविरमा २५ फागुनमा २ सय जना महिलाको भिडियो एक्सरे सहितको उपचार, ३० देखि ५० वर्ष उमेरका ३७ जना महिलाको पाठेघरको मुखको क्यान्सर जाँच (एल.बी.सी.) गरिएको थियो । शिविरमा ५० वर्ष उमेरभन्दा माथिका ४० प्रतिशत महिलाहरूको उपचार गरिएको थियो । शिविरमा बिरामीहरूलाई निःशुल्क औषधि समेत वितरण गरिएको थियो । सो शिविरमा आएका बिरामीहरूमध्ये दुई जनाको पाठेघरको शल्यक्रियाका लागि काठमाडौं मोडल अस्पताल पठाइएको र उनीहरूको निःशुल्क उपचार गरिने डाक्टर कार्कीले बताए ।

आर्थिक रूपमा विपन्न वर्गका महिलाहरूका लागि शिविरले प्रत्यक्ष लाभ दिएकोप्रति थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले खुशी व्यक्त गरे । उपप्रमुख गोपालीले थाहानगरको प्रत्येक वडामा यसकिसिमको शिविर सञ्चालन गर्न आफू सकारात्मक भएको बताए । उनले यस किसिमको शिविर सञ्चालनका लागि नगरपालिका जहिल्यै सहकार्य गर्न तयार रहेको बताए । शिविरको थाहा नगरपालिका सामाजिक विकास शाखाका प्रमुख अनिल लामिछाने, सूचना अधिकारी सुरजकुमार भुजेल र थाहा नगरपालिका वडा नं ७ का वडा अध्यक्ष शिवराज थिङलगायतले अनुगमन समेत गरेका थिए ।

# होलीः पर्यटकलाई रिसोर्टमै रौनक



◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय नगरी थाहामा पर्यटकहरूले आफू बसेको रिसोर्टमै होलीको मज्जा लिएका छन् । नगरका विभिन्न होटल तथा रिसोर्टमा जस्तै बज्रवाराहीको ओम अध्याय रिसोर्टमा साँङ्गितीक माहोलसहित होलीको मज्जा लिएका हुन् ।

रिसोर्टमा बसेका र घुम्न पुगेका पर्यटक तथा स्थानीयहरूले होली पर्वमा रमाएका हुन् । रिसोर्टको व्यवस्थापनमा होली र पौडीको समेत मज्जा लिँदै आन्तरिक तथा बाहिृय पर्यटकहरू साँङ्गितीक वातावरणमा भुमेका थिए ।

अध्ययायमा जस्तै चित्लाङ रिसोर्ट, मार्खुको डि-लेकसाइड, कुलेखानी रिसोर्ट, दामनको पाइनस, सुनगाभा लगायतका होटलहरूमा पर्यटकहरू खँचाखँच थिए ।

# चार सयको निःशुल्क स्वास्थ्य परीक्षण




◆ विकास संवाददाता

थाहानगरको थाना बजारमा भएको निःशुल्क स्वास्थ्य शिविरमा चारसयको स्वास्थ्य परीक्षण गरिएको छ । अन्तराष्ट्रिय नारी दिवसको अवसर पारेर २४ फागुनमा मनमोहन मेमोरियल शिक्षण अस्पतालको प्राविधिक सहयोगमा शिविर भएको हो ।

शिविरमा २ सय ५० जनालाई भिडियो एक्सरे सेवा लिएकोमा पाठेघरमा मासु पलाएको १० जना भेटिएको, २० जना महिलालाई थप उपचारको लागि काठमाडौं आउन सल्लाह दिइएको शिविरका डाक्टर मुज श्रेष्ठले जानकारी दिए । उनीहरूको निःशुल्क उपचार हुने उनले बताए । शिविरमा १ सय ३८ जना महिलाले स्त्रीरोग विशेषज्ञबाट पाठेघरको चेकजाँच गरिएको र २५ जनालाई अप्रेसन गर्नुपर्ने देखियको डाक्टर श्रेष्ठको भनाइ छ । १ सय ८० जनाले हाडजोर्नीको स्वास्थ्य चेकजाँच गराएका थिए । शिविर पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आफ्नो सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तर्गत आयोजना गरेको हो । शिविरमा निःशुल्क औषधि पनि वितरण गरिएको थियो ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित निशुल्क स्वास्थ्य शिविरको थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले उद्घाटन गरेका थिए । मनमोहन मेमोरियल अस्पतालमा पालुङ बहुउद्देश्यीय संस्थाको सदस्यहरूलाई २५ प्रतिशत छुटमा उपचार गर्ने व्यवस्था मिलाइएको संस्थाका अध्यक्ष उमेश ढकालले बताए ।

# कर्मचारी संगठन जिल्ला अध्यक्षमा सिटौंला

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती मकवानपुरको अध्यक्षमा बसन्तकुमार सिटौंला चयन भएका छन् ।

२७ फागुनमा हेटौंडामा भएको संगठनको ५ औं जिल्ला अधिवेशनले सिटौंलाको नेतृत्वमा २१ सदस्य नयाँ कमिटि सर्वसम्मत गठन गरेको हो । संगठनको पुरूष उपाध्यक्षमा गणेश भूजेल, महिला उपाध्यक्षमा शान्ति खनाल, सचिबमा गोपाल लम्साल र कोषाध्यक्षमा मिरा अधिकारी सर्बसम्मत चयन भएका छन । संगठनका अध्यक्ष राजु अर्यालको अध्यक्षतामा भएको अधिवेशनमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकटेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेकपा माओवादीका जिल्ला संयोजक सर्केश घलान, निती तथा योजना आयोग बागमती प्रदेशका सदस्य प्रल्हाद लामिछाने, संगठनका केन्द्रीय अध्यक्ष हरीबहादुर रावल, हेटौंडा अस्पतालका मेडिकल सुपरीटेण्डेन डाक्टर रामचन्द्र सापकोटा लगाएतकाले शुभकामना मन्त्य व्यक्त गरेका थिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास
खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
२०७९ फागुन २९ गते सोमबार, 13 March 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# 'हेटौंडालाई पर्यटकीय हव बनाउन सहकार्य गरौं' प्रमुख लामा

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले हेटौंडालाई पर्यटकीय हव बनाउन सहकार्य आवश्यक रहेको बताएकी छन् । २७ फागुनमा मकवानपुर होटल एशोसिएसनको १४ औं वार्षिक साधारण सभालाई उद्घाटन गर्दै नगर प्रमुख लामाले उपमहानगरले पर्यटन प्रवर्धनलाई ध्यान राखेर काम गरीरहेका बताउँदै पर्यटकलाई कसरी हेटौंडामा बस्ने वातावरण बनाउन सकिन्छ त्यस विषयमा अध्ययन गर्न जरूरी रहेको बताइन् । उनले भनिन् 'हामी कर्रा र राप्तीलाई कसरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सक्छौं भनेर अध्ययन गरीर हेका छौं ।' दुबै नदिलाई देखाएर हेटौंडामा पर्यटक कसरी रोक्न सक्छौं त्यो विषयमा व्यवसायीहरूसँग छलफल गर्न उपमहानगर तयार रहेको उनको भनाई थियो । अहिले कर्रा खोलालाई आधार मानेर करीडोर बनाउँने तयारीमा उपमहानगर लागि सकेको भन्दै बागमती प्रदेशको राजधानी हेटौंडालाई व्यवसायिक हव बनाउँने विषयमा सोच्न जरूरी रहेको उनको भनाई थियो ।

उपमहानगर व्यवसायिक कुरामा सधै सहकार्य गर्न तयार रहेको भन्दै नगर प्रमुख लामाले हेटौंडालाई चिनाउने विषयमा सोच्न होटल व्यवसायीहरूलाई सुझाब दिइन् । हामीले विस्तारै कामलाई गति दिदै छौं उनले भनिन्–'हेटौंडा बासीलाई १० हजार लिटर पानी निःशुल्क गरेसँगै अब शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने चरणमा लागेका छौं ।'


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# हेटौंडा उपमहानगरका १ सय ३२ योजना फरफारक

◆ विकास संवाददाता




हेटौंडा उपमहानगरपालिकाले नगर क्षेत्रका अन्य वडाहरूमा सडक निर्माणको काम द्रुतगतिमा चलिरहेको शहरी पुर्वाधार विकास महाशाखा प्रमुख सत्यनारायण शाहले बताए ।

उपमहानगरले चालु आर्थिक बर्षको पहिलो चौमासिकमा २५८ योजना सम्झौता भएकोमा ४८ वटा सम्पन्न भएका छन् भने २१० वटा कार्यान्वयनको चरणमा र गत आर्थिक वर्ष २०७८/०७९ मा जिम्मेवारी सरेका मध्य ८४ योजनाका काम सम्पन्न महाशाखाले जनाएको छ । उपमहानगरको पुर्वाधार बिकास कार्यक्रम अन्तरगत चालु आर्थिक बर्षको पहिलो चौमासिकमा ३ किलोमिटर कंक्रिट सडक, ४ वटा कल्भर्ट, १ वटा शैक्षिक पुर्वाधार, ३ वटा गुम्बा, १० वटा मन्दिर, १ तटबन्धन, ४ शौचालय १२ सामुदायीक भवन, १ मदरसा र ४ वटा पार्कहरू निर्माणको काम सम्पन्न भएको बताइएको छ । महाशाखाको पुर्वाधार विकास कार्यक्रमतर्फ योजना तथा कार्यक्रम अनुगमन जाँचपास तथा फरफरक सिफारीस समितिले १३२ योजनाको अनुगमन तथा मुल्याङ्कन गरेर फरफारकका लागि कार्यालयमा सिफारीस गरेको छ भने अन्य महाशाखाले गरेको ९ वटा योजना अनुगमन गरी भुक्तानीका लागि सिफारीस गरेको बताइएको छ ।

त्यस्तै पुर्वाधार विकास कार्यक्रम अन्तरगत उपमहानगरले हेटौंडा १ चौकिटोलमा ३३ लाख ६६ हजार रूपियाँको लागत सहभागिता तथा अन्य जिन्सी समान उपलब्ध गराएर हेटौंडा १० टिसीएनमा रहेको तरकारी बजार स्थानान्तरको काम भएको महाशाखा प्रमुख शाहले जानकारी दिए ।

यसैबीच कंक्रिट ढलान सडक निर्माणमा जुटेको हेटौंडा उपमहानगर पालिकाको दुई स्थानमा स्ल्याव ढलान (कंक्रिट) सडकको शिलान्यास गरिएको छ । चालु आर्थिक बर्ष २०७९/०८० मा बजेट पुस्तिकमामा समेटिएको योजना अनुसार हेटौंडा–१ लालझाडिको बाराहि, धाप र भट्टे टोल जाने र हेटौंडा–१२ को केनाम टोल जाने सडक हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले शिलान्यास गरिन् ।

हेटौंडा–१ र १२ मा उपमहानगरपालिकाले चालु बजेट शिर्षकबाट बिनियोजन गरेको रकमबाट काम थालिएको हो । सडकको शिलान्यास गर्दै नगर प्रमुख लामाले गुणस्तरीयतामा ध्यान दिन निर्माण उपभोक्ता समितिलाई सचेत गराइन् । उनले निर्माण सम्पन्न भएपछि अनुगमनका क्रमममा त्रुटि पाइएमा गुनासो नगर्ने गरी काम गर्न सुझाब दिइन् । 'हामी नगरको विकासका लागि काम गरीरहेका छौं, नगरवासीले पनि हामिले बनाएका योजनालाई आत्मसाथ गर्दै नगरको समग्र बिकासमा सहयोगि बने मात्र कामले सार्थकता पाउँछ ।' नगर प्रमुख लामाले भनिन् ।


## सामाजिक सञ्जाल प्रयोगमा सचेतना अपनाऔं !

– सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
– अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
– सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
– आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
– आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका
स्वास्थ्य शाखा


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी